# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०८।०७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी नारायण प्रसाद पौडेल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको सरकारी रकमको हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रतिवादी नारायण प्रसाद पौडेल भएको मुद्दामाः

**प्रतिवादी नारायण प्रसाद पौडेललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसूरमा मतियार तर्फ निज प्रतिवादीलाई ऐ. ऐनको दफा २२ बमोजिम मुख्य कसूरदार विनोद कुमार यादवलाई हुने ऐ.ऐनको दफा १९ (२) बमोजिम हुने सजायको आधा सजाय हुनमागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०।११।०६ को फैसलाबाट प्रतिवादी विनोद कुमार यादव उपरको मुद्दा नं. ०७८-CR-००५२ को गलत प्रतिवेदन दिई भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी विनोद कुमार यादवले आरोप दाबीबाट सफाई पाउने ठहर भएपछि यी प्रतिवादी नारायण प्रसाद पौडेलले आरोप दाबी बमोजिम मतियारको कसूर गरेको देखिन नआएकोले निजले आरोपित कसूरबाट सफाई।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०८।०७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रस्तुत मुद्दामा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बांसबारी, काठमाडौंका ल्याब ईन्चार्ज बिनोद कुमार यादवले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको छाप आफुखुशी बनाई दुरुपयोग गर्ने गरेको, निजले प्रयोग गर्ने कार्यालयको कम्प्युटरको सी.पी.यू.को फरेन्सिक परीक्षण गर्दा फेला परेका शिक्षण अस्पताल तथा सूरिया हेल्थ केयरको पी.सी.आर.रिपोर्टहरु सबै नक्कली भएको भन्ने पुष्टि भएको, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा भर्ना भएका मानिसहरुको स्वाब संकलन गरी अनाधिकृत रुपमा रकमसमेत लिई स्वाबको परीक्षण नै नगरी गलत पी.सी.आर. प्रतिवेदन आफुखुशी तयार पारी उपलब्ध गराएको, धौलागिरी हिमाल पोलिक्लिनिक प्रा.लि.बाट पी.सी.आर. को लागि स्याम्पल लिई परीक्षण नै नगरी आफूखुशी गलत प्रतिवेदन तयार पारी सम्बन्धित मानिसलाई दिएको उजुरी संलग्न अडियोमा भएको वार्तालापमा समेत निजले धौलागिरी हिमाल पोलिक्लिनिकका रेडियोग्राफर अमृत कुमार खाती मार्फत विभिन्न मानिसहरुको पी.सी.आर. परीक्षणको लागि स्वाब लिने गरेको र परीक्षण नै नगरी गलत प्रतिवेदन तयार पारी सम्बन्धित मानिसहरुलाई दिने गरेको देखिएको, आफ्नो कार्यकक्षमा नै व्यक्तिहरुको स्वाब संकलन गर्ने र रिपोर्ट पोजेटिभ आएमा पनि थप रु.१,०००/- लिई रिपोर्ट नेगेटिभ बनाईदिने भनी रकम आफैले लिई आफ्नै खल्तीमा राखेको अडियो भिडियोसमेत रहेको, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले वितरण गरेको रिपोर्ट होईन भनी खुलाईदिएका रिपोर्टमा शहीद गंगालाल हृदय केन्द्रको लेटर प्याड प्रयोग भएको र सो रिपोर्टमा रहेको सही आफ्नो हो भनी विनोद कुमार यादवले सनाखत गरिदिएको लगायतका आधार प्रमाणहरुबाट विभिन्न मानिसहरुको विभिन्न मितिमा पी.सी.आर. परीक्षण नै नगरी आफुखुशी गलत प्रतिवेदन तयार पारी बदनियतपूर्वक भए गरेको कुरा लुकाईछिपाई वा नभए नगरेको कुरा देखाई पी.सी.आर.प्रतिवेदन सम्बन्धित मानिसहरुलाई दिएको स-प्रमाण पुष्टि भई निज प्रतिवादी विनोद कुमार यादव उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसूरमा निजलाई सोही ऐनको दफा

१९ (२) बमोजिम सजाय हुन मागदाबी लिई यसै लगाउको मुद्दामा आरोपपत्र दायर भएको अवस्था रहेको र उक्त धौलागिरी हिमाल पोलिक्लिनिक प्रा.लि.का संचालक रहेका प्रस्तुत मुद्दाका प्रतिवादी नारायण प्रसाद पौडेल समेतले अनुमति नै नभएको उक्त पोलिक्लिनिक प्रा.लि.बाट पी.सी.आर. परीक्षणको लागि स्वाब संकलन गरी लगाउको मुद्दाका प्रतिवादी बिनोद कुमार यादवलाई दिने गरेको र निज प्रतिवादी बिनोद कुमार यादवले सोही अनुसार उक्त स्वाबहरुको पी.सी.आर. परीक्षण नै नगरी गलत प्रतिवेदन दिने गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिम कसूरमा मतियारको कार्य गरेको मिसिल संलग्न आधार प्रमाणहरुले पुष्टि भई प्रतिवादी बिनोद कुमार यादव भएको उक्त लगाउको भ्रष्टाचार (गलत प्रतिवेदन) मुद्दा (नं.०७८-CR-००५२)मा निज प्रतिवादी बिनोद कुमार यादवका हकमा भएको शुरु फैसला उपर कानून बमोजिमको पुनरावेदकीय अधिकार, प्रक्रिया र पुनरावेदनको रोहमा फैसलाको अवस्था रहने नै हुँदा प्रस्तुत मुद्दाका यी प्रतिवादी नारायण प्रसाद पौडेलका हकमा निज प्रतिवादी नारायण प्रसाद पौडेलले पी.सी.आर. परीक्षण जस्तो जनस्वास्थ्य संग सम्बन्धित गम्भीर र संवेदनशील विषयमा गम्भीर रुपले खेलवाड गरेको तथ्य स्थापित भैरहेकोमा निज प्रतिवादी स्वयम्ले गरेको कसूरजन्य कार्यको समुचित मूल्याङ्कन तथा विश्लेषण गरी निज प्रतिवादीलाई कसूरदार ठहर गरी सजाय गर्नुपर्नेमा उक्त लगाउको मुद्दाको सापेक्षबाट अपुष्ट आधार लिई यी प्रतिवादी नारायण प्रसाद पौडेललाई आरोपित कसूरबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण छ।

- प्रतिवादी नारायण प्रसाद पौडेलले मौकामा बयान गर्दा, धौलागिरी हिमाल पोलिक्लिनिकको संचालकहरु आफूसमेत रहेको, बरामद भि.टि.एम.ट्युब तथा स्वाब संकलन गर्ने स्टिक पि.सि.आर. परिक्षणको लागि स्वाब संकलन गर्न बिनोद कुमार यादवले ल्याई दिएको, उक्त पोलिक्लिनकबाट हालसम्म १५ देखि २० वटा सम्म पि.सि.आर.को स्वाब संकलन भएको, ती सबै नमूनाहरु बिनोद कुमार यादवले लगेर परिक्षण गरी रिपोर्ट ल्याई patientलाई दिने गरेका, पि.सि.आर.कोलागि स्वाब संकलन धौलागिरी पोलिक्लिनिकमा रू.२०००/- लिई बिनोद कुमार यादवले गरेका रहेछन्, अनि रू. १५००।- को दरले पैसा लगेका हुन्, Patient आएपछि बिनोद कुमार यादवआएर Swab collection गरेका, त्यस्मा रू.५००।- सेवा शुल्क क्लिनिकले लिएको हो, पि.सि.आर.टेष्ट गर्न हामीलाई अनुमति थिएन भन्ने समेतको आफू समेतको कसूरमा संलग्नता रहेको तथ्यमा साबिती व्यहोराको बयान गरेकोमा निजले मुख्य प्रतिवादी तथा आफूलाई समेत कसूरको सजायबाट उन्मुक्ति दिलाउने नियत उद्देश्यले बद्रिखयतपूर्वक सो बयानको प्रतिकूल हुने गरी विशेष अदालत समक्ष बकपत्र गरेको अवस्था देखिन्छ। यद्यपि निजले सो बकपत्रमा आफ्नो पोलिक्लिनिकलाई पिसिआर नमुना संकलन र परीक्षण गर्ने इजाजत नभएको (स.ज.७) भनी उल्लेख गरेतापनि निजको उक्त पोलिक्लिनिकबाट V.T.M. Tube र स्ट्रिक बरामद भएको तथ्य स्वीकार गरी (स.ज.१५) आफ्नै बकपत्रको अघिल्ला व्यहोरा समेत खण्डित गरेको र निज समेत आरोपदाबी बमोजिमको कसूरमा संलग्न रहेको तथ्य स्वीकार गरेको अवस्था देखिन्छ।फौजदारी दायित्वको वैयक्तिकताका दृष्टिले समेत निज प्रतिवादीले गरेको सो कसूरको फौजदारी दायित्व निज प्रतिवादीले नै निरपेक्ष रुपमा बहन गर्नुपर्ने र निजले कसूर गरेको तथ्य मिसिल संलग्न आधार प्रमाणबाट पुष्टि भैरहेकोले निज प्रतिवादी आरोप दाबी बमोजिमको कसूरदार रहेको अवस्था छ।
- प्रतिवादी नारायण प्रसाद पौडेलले अदालतको बकपत्र तथा बयानमा आफूलाई मौकामा कसूरमा साबिति बयान गर्न दबाब दिएकाले मौकामा सो व्यहोरा लेखाएको भनी उल्लेख गरेतापनि निज उपर दबाब दिनुपर्ने वा दिएको पुष्टि गर्ने आधार प्रमाण निज प्रतिवादीले पेश गर्न नसकेको अवस्थाबाट यी प्रतिवादीले आफू समेतले गरेको कसूरबाट आफू समेतलाई बचाउने नियत उद्देश्यले मौकामा प्रमाण सहित पूर्णतः कसूर गरेकामा साबित र समर्थित रही आफैले गरेको बयानलाई खण्डित हुने गरी अदालतमा बकपत्र तथा बयान गरेको र निजले अदालत समक्ष गरेक सो अपुष्ट र प्रमाणहिन बकपत्र समेतका आधारमा निज प्रतिवादीलाई सफाई दिनेगरी भएको फैसला प्रमाणको मूल्याङ्कनको रोहमा समेत त्रुटिपूर्ण रही बदरभागी छ।

प्रवक्ता

नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| २ | नारायण प्रसाद पौडेल (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००४६ र फैसला मिति २०८०/११/०६)<br><br>आयोगको पु.वे.गर्ने निर्णय नं.४९४, मिति २०८१/७/३० | गलत प्रतिवेदन दिई भ्रष्टाचार गरेको | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसूरमा मतियार तर्फ निज प्रतिवादीलाई ऐ. ऐनको दफा २२ बमोजिम मुख्य कसूरदार विनोद कुमार यादवलाई हुने ऐ.ऐनको दफा १९ (२) बमोजिम हुने सजायको आधा सजाय हुन | **फैसलाः**<br><br>प्रतिवादीले आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br><br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br><br>**क.** प्रतिवादी विनोद कुमार यादव उपरको मुद्दा नं. ०७८-CR-००५२ को गलत प्रतिवेदन दिई भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी विनोद कुमार यादवले आरोप दाबीबाट सफाई पाउने ठहर भएपछि यी | **उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छः**<br><br>**क.** प्रस्तुत मुद्दामा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बांसबारी, काठमाडौंका ल्याब ईन्चार्ज बिनोद कुमार यादवले शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको छाप आफुखुशी बनाई दुरुपयोग गर्ने गरेको, निजले प्रयोग गर्ने कार्यालयको कम्प्युटरको सी.पी.यू.को फरेन्सिक परीक्षण गर्दा फेला परेका शिक्षण अस्पताल तथा सूरिया हेल्थ केयरको पी.सी.आर.रिपोर्टहरु सबै नक्कली भएको भन्ने पुष्टि भएको, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा भर्ना भएका मानिसहरुको स्वाब संकलन गरी अनाधिकृत रुपमा रकमसमेत लिई स्वाबको परीक्षण नै नगरी गलत पी.सी.आर. प्रतिवेदन आफुखुशी तयार पारी उपलब्ध गराएको, पी.सी.आर. परीक्षणको लागि स्वाब संकलन गरी परीक्षण नै नगरी मौखिक रुपमा रिपोर्ट नेगेटिभ भएको भनी गलत रिपोर्ट बनाई निजको घरको कम्प्युटरमा राखेको, धौलागिरी हिमाल पोलिक्लिनिक प्रा.लि.बाट पी.सी.आर. को लागि स्याम्पल लिई परीक्षण नै नगरी आफूखुशी गलत प्रतिवेदन तयार पारी सम्बन्धित मानिसलाई दिएको उजुरी संलग्न अडियोमा भएको वार्तालापमा समेत निजले धौलागिरी हिमाल पोलिक्लिनिकका रेडियोग्राफर अमृत कुमार खाती मार्फत विभिन्न मानिसहरुको पी.सी.आर. परीक्षणको लागि स्वाब लिने गरेको र परीक्षण नै नगरी गलत प्रतिवेदन तयार पारी सम्बन्धित मानिसहरुलाई दिने गरेको देखिएको, आफ्नो कार्यकक्षमा नै व्यक्तिहरुको स्वाब संकलन गर्ने र रिपोर्ट पोजेटिभ आएमा पनि थप रु.१,०००/- लिई रिपोर्ट नेगेटिभ बनाईदिने भनी रकम आफैले लिई आफ्नै खल्तीमा राखेको अडियो भिडियोसमेत रहेको, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले वितरण गरेको रिपोर्ट होईन भनी खुलाईदिएका रिपोर्टमा शहीद गंगालाल हृदय केन्द्रको लेटर प्याड प्रयोग भएको र सो रिपोर्टमा रहेको सही आफ्नो हो भनी विनोद कुमार यादवले सनाखत गरिदिएको लगायतका आधार प्रमाणहरुबाट विभिन्न मानिसहरुको विभिन्न मितिमा पी.सी.आर. परीक्षण नै नगरी आफुखुशी गलत प्रतिवेदन तयार पारी बदनियतपूर्वक भए गरेको कुरा लुकाईछिपाई वा नभए नगरेको कुरा देखाई पी.सी.आर.प्रतिवेदन सम्बन्धित मानिसहरुलाई दिएको स-प्रमाण पुष्टि भई निज प्रतिवादी विनोद कुमार यादव उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिमको कसूरमा निजलाई सोही ऐनको दफा १९ (२) बमोजिम सजाय हुन मागदाबी लिई यसै लगाउको मुद्दामा आरोपपत्र दायर भएको अवस्था रहेको र उक्त धौलागिरी हिमाल पोलिक्लिनिक प्रा.लि.का |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादी नारायण प्रसाद पौडेलले आरोप दाबी बमोजिम मतियारको कसूर गरेको देखिन नआएकोले निजले आरोपित कसूरबाट सफाई पाउने। | संचालक रहेका प्रस्तुत मुद्दाका प्रतिवादी नारायण प्रसाद पौडेल समेतले अनुमति नै नभएको उक्त पोलिक्लिनिक प्रा.लि.बाट पी.सी.आर. परीक्षणको लागि स्वाब संकलन गरी लगाउको मुद्दाका प्रतिवादी बिनोद कुमार यादवलाई दिने गरेको र निज प्रतिवादी बिनोद कुमार यादवले सोही अनुसार उक्त स्वाबहरुको पी.सी.आर. परीक्षण नै नगरी गलत प्रतिवेदन दिने गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) बमोजिम कसूरमा मतियारको कार्य गरेको मिसिल संलग्न आधार प्रमाणहरुले पुष्टि भई प्रतिवादी बिनोद कुमार यादव भएको उक्त लगाउको भ्रष्टाचार (गलत प्रतिवेदन) मुद्दा (नं.०७८-CR-००५२)मा निज प्रतिवादी बिनोद कुमार यादवका हकमा भएको शुरु फैसला उपर कानून बमोजिमको पुनरावेदकीय अधिकार, प्रक्रिया र पुनरावेदनको रोहमा फैसलाको अवस्था रहने नै हुँदा प्रस्तुत मुद्दाका यी प्रतिवादी नारायण प्रसाद पौडेलका हकमा निज प्रतिवादी नारायण प्रसाद पौडेलले पी.सी.आर. परीक्षण जस्तो जनस्वास्थ्य संग सम्बन्धित गम्भीर र संवेदनशील विषयमा गम्भीर रुपले खेलवाड गरेको तथ्य स्थापित भैरहेकोमा निज प्रतिवादी स्वयम्ले गरेको कसूरजन्य कार्यको समुचित मूल्याङ्कन तथा विश्लेषण गरी निज प्रतिवादीलाई कसूरदार ठहर गरी सजाय गर्नुपर्नेमा उक्त लगाउको मुद्दाको सापेक्षबाट अपुष्ट आधार लिई यी प्रतिवादी नारायण प्रसाद पौडेललाई आरोपित कसूरबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण छ।<br>**ख.** प्रतिवादी नारायण प्रसाद पौडेलले मौकामा बयान गर्दा, धौलागिरी हिमाल पोलिक्लिनिकको संचालकहरु आफूसमेत रहेको, बरामद भि.टि.एम.ट्युब तथा स्वाब संकलन गर्ने स्टिक पि.सि.आर. परिक्षणको लागि स्वाब संकलन गर्न बिनोद कुमार यादवले ल्याई दिएको, उक्त पोलिक्लिनकबाट हालसम्म १५ देखि २० वटा सम्म पि.सि.आर.को स्वाब संकलन भएको, ती सबै नमूनाहरु बिनोद कुमार यादवले लगेर परिक्षण गरी रिपोर्ट ल्याई patientलाई दिने गरेका, पि.सि.आर.कोलागि स्वाब संकलन धौलागिरी पोलिक्लिनिकमारू.२०००/- लिई बिनोद कुमार यादवले गरेका रहेछन्, अनि रू. १५००।- को दरले पैसा लगेका हुन्, Patient आएपछि बिनोद कुमार यादवआएर Swab collection गरेका, त्यस्मा रू.५००।- सेवा शुल्क क्लिनिकले लिएको हो, पि.सि.आर.टेष्ट गर्न हामीलाई अनुमति थिएनभन्ने समेतको आफू समेतको कसूरमा संलग्नता रहेको तथ्यमा साबिती व्यहोराको बयान गरेकोमा निजले मुख्य प्रतिवादी तथा आफूलाई समेत कसूरको सजायबाट उन्मुक्ति दिलाउने नियत उद्देश्यले बद्रिखयतपूर्वक सो बयानको प्रतिकूल हुने गरी विशेष अदालत समक्ष बकपत्र गरेको अवस्था देखिन्छ। यद्यपि निजले सो बकपत्रमा आफ्नो पोलिक्लिनिकलाई पिसिआर नमुना संकलन र परीक्षण गर्ने इजाजत नभएको (स.ज.७) भनी उल्लेख गरेतापनि निजको उक्त पोलिक्लिनिकबाट V.T.M. Tube र स्ट्रिक बरामद भएको तथ्य स्वीकार गरी (स.ज.१५) आफ्नै बकपत्रको अघिल्ला व्यहोरा समेत खण्डित गरेको र निज समेत आरोपदाबी बमोजिमको कसूरमा संलग्न रहेको तथ्य स्वीकार गरेको अवस्था देखिन्छ।फौजदारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दायित्वको वैयक्तिकताका दृष्टिले समेत निज प्रतिवादीले गरेको सो कसूरको फौजदारी दायित्व निज प्रतिवादीले नै निरपेक्ष रुपमा बहन गर्नुपर्ने र निजले कसूर गरेको तथ्य मिसिल संलग्न आधार प्रमाणबाट पुष्टि भैरहेकोले निज प्रतिवादी आरोप दाबी बमोजिमको कसूरदार रहेको अवस्था छ।<br>**ग.** प्रतिवादी नारायण प्रसाद पौडेलले अदालतको बकपत्र तथा बयानमा आफूलाई मौकामा कसूरमा साबिति बयान गर्न दबाब दिएकाले मौकामा सो व्यहोरा लेखाएको भनी उल्लेख गरेतापनि निज उपर दबाब दिनुपर्ने वा दिएको पुष्टि गर्ने आधार प्रमाण निज प्रतिवादीले पेश गर्न नसकेको अवस्थाबाट यी प्रतिवादीले आफू समेतले गरेको कसूरबाट आफू समेतलाई बचाउने नियत उद्देश्यले मौकामा प्रमाण सहित पूर्णतः कसूर गरेकामा साबित र समर्थित रही आफैले गरेको बयानलाई खण्डित हुने गरी अदालतमा बकपत्र तथा बयान गरेको र निजले अदालत समक्ष गरेक सो अपुष्ट र प्रमाणहिन बकपत्र समेतका आधारमा निज प्रतिवादीलाई सफाई दिनेगरी भएको फैसला प्रमाणको मूल्याङ्कनको रोहमा समेत त्रुटिपूर्ण रही बदरभागी छ। |